एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड
प्रधान कार्यालय, पो.ब.न. २०६००, लाजिम्पाट, काठमाण्डौं, नेपाल
फो.न : ०१-४४४२६४६, ४००६६२५ फ्याक्स : ०१-४४१६४२७
टोलफ्री फोन : १६६०-०१-९९०९९, इमेल : info@nlgi.com.np

यो बीमालेख श्री **एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड** (यसपछि बीमक भनिएको) र अनुसूचीमा उल्लेख गरिएको बीमा गर्ने व्यक्ति वा संस्था (यसपछि बीमित भनिएको) बीच भएको बीमा सम्बन्धी एउटा करार हो। अनुसूचीमा उल्लेख भए बमोजिम बीमितले बीमकलाई गरेको लिखित प्रस्ताव र घोषणा यो बीमालेखको आधार हुनेछ। बीमितले यस बीमालेखमा उल्लेख गरिएको शर्त, बन्देज, व्यवस्था, अपबाद, सम्पुष्टि तथा अन्य विषयको अधीनमा रही बीमाशुल्क भुक्तानी गरेको छ।

१. **परिभाषा** (Defination):

(क) **नगद** (Cash): यस बीमालेखमा प्रयोग भएको "नगद" भन्नाले बैंक नोट, ट्रेजरी नोट, सुनको लाप्सा (बुलियन), गरगहना, एटिएमको रकम, सिक्का, बैंक ड्राफ्ट, चेक, हुलाक आदेश, धनादेश, प्रमिसरी नोट, बोन्ड, बिल अफ् एक्स्चेन्ज। हुलाक टिकट तथा परिबर्त्य विदेशी मुद्रा समेतलाई जनाउँछ।

(ख) **कर्मचारी वा कामदार** (Employee): यस बीमालेखमा प्रयोग भएको "कर्मचारी वा कामदार" भन्नाले बीमित, बीमितको सहयोगी वा सहायक उपक्रम संस्थाका अधिकार प्राप्त कामदार वा कर्मचारी भन्ने बुझाउँछ।

(ग) **चोरी** (Theft): यस बीमालेखमा प्रयोग भएको "चारी" भन्नाले डकैति, लुट, खोस्ने वा छक्याउने वा अवरोध गरी बीमितको नगदको बेइमानीपूर्ण हिनामिना वा दुरुपयोग वा बञ्चित वा हरण गर्ने कार्यलाई जनाउँछ।

(घ) **सेंधमारी** (Burglary): यस बीमालेखमा प्रयोग भएको "सेंधमारी" भन्नाले नगद चोर्ने र पत्ता लगाउने नियतले आक्रामक रुपमा बीमितको परिसरमा अनपेक्षित प्रवेश वा परिसरबाट अनधिकृत बहिर्गमन गर्ने कार्यलाई जनाउँछ।

(ङ) **डकैति** (Robbery): यस बीमालेखमा प्रयोग भएको "डकैति" भन्नाले बीमितको कामदार वा कर्मचारी विरुद्ध अनपेक्षित, आक्रामक तथा हिसांत्मक तरिका अपनाई रकम चोरी गर्ने कार्यलाई जनाउँछ।

(च) **तोडफोड** (Housebreaking): यस बीमालेखमा प्रयोग भएको "तोडफोड" भन्नाले बीमितको परिसरमा भएको तोडफोड तथा आक्रमण जस्ता कार्यलाई जनाउँछ।

(छ) **होल्ड अप** (Hold Up): यस बीमालेखमा प्रयोग भएको "होल्ड अप" भन्नाले सांघातिक हतियार सहितको अवरोध, रोकावट, डर, त्रास, धम्की दिई बीमित, बीमित परिवार वा कर्मचारी लगायतलाई नियन्त्रणमा लिएको अवस्थालाई जनाउँछ।

(ज) **रात्री बास** (Overnight Stoppage): यस बीमालेखमा प्रयोग भएको "रात्री बास" भन्नाले नगद स्थानान्तरणको क्रममा बाटोमा कतै रात परी बास बस्नु परेको अवस्थालाई जनाउँछ।

(झ) **परिबर्त्य बिदेशी मुद्रा** (Convertible Currency): यस बीमालेखमा प्रयोग भएको "परिबर्त्य विदेशी मुद्रा" भन्नाले दावी परेको समयमा नेपाल राष्ट्र बैंकबाट सटही दर प्रकाशन उपलब्ध भएको विदेशी मुद्रालाई जनाउँछ।

(ञ) **मार्गस्थ नगद** (Cash in Transit): यस बीमालेखमा प्रयोग भएको "मार्गस्थ नगद" भन्नाले बीमितको अधिकार प्राप्त व्यक्तिको नियन्त्रणमा रही नेपाल धित्र नगद ओसार पसार वा स्थानान्तरण भैरहेको अवस्थालाई जनाउँछ। तर सवारी साधनमा रकम छोडी गएको वा निजी आवास भित्र नगद रहेको अवस्थालाई मार्गस्थ नगद मानिने छैन।

२. **रक्षावरण** (Coverage):

यस बीमालेख अनुसार बीमकले देहायका अवस्थाहरुमा देहायका जोखिमहरुबाट भएको क्षति वा हानि नोक्सानीको क्षतिपूर्ति वा हर्जाना प्रदान गर्नेछ ।

(क) बीमित वा बीमितको कामदार वा कर्मचारी वा आधिकारिक प्रतिनिधिको साथ लगाई पठाएको (रात्री बास भएको वा नभएको दुबै) अवस्थामा चोरी, सेंधमारी होल्ड अप, डकैति वा सोको कारणबाट वा अपवादमा उल्लेख गरिए भन्दा अन्य कारणबाट मार्गस्थ नगदको क्षति वा हानि नोक्सानी,

(ख) बीमितको परिसर भित्र रहेको सेफ, आलमारी वा स्ट्रङ रुपमा नगद राखेको अवस्थामा चोरी, सेंधमारी, होल्ड अप, डकैति वा तोडफोड भै भएको नगदको क्षति वा हानि-नोक्सानी,

(ग) बीमितको परिसर भित्र कार्यालय समयमा रहेको नगद चोरी, सेंधमारी, होल्ड अप, डकैति वा तोडफोड भै भएको नगदको क्षति वा हानि-नोक्सानी,

(घ) मार्गस्थ नगदको साथमा रहेको कर्मचारी वा कामदार वा आधिकारिक प्रतिनिधिबाट भएको बेइमानी, धोका वा जालसाजीका कारणले भएको क्षति वा हानि-नोक्सानी ७२ घण्टा भित्र पत्ता लागेमा, तथा

(ङ) बीमितको परिसरमा चोरी, सेंधमारी, डकैति वा तोडफोड भएको अवस्थामा कर्मचारी वा कामदारको व्यक्तिगत नगदको हानि नोक्सनी भएमा प्रति बीमा अवधि बढीमा रु. १०,००० (दश हजार रुपैंया) सम्म ।

(च) बीमालेख जारी गर्दाको बखता अनुसूचीमा उल्लेख गरी सम्पुष्टिमा थप गरिएमा अन्य जोखिमहरु ।

३. **बीमालेखले नसमेट्ने अवस्थाहरु** (Exceptions):

यस बीमालेख अन्तर्गत देहायको कारणबाट हुन गएको क्षति वा हानि नोक्सानीको बीमकले दाबी भुक्तानी गर्ने छैन ।

(क) भूकम्प, ज्वालामुखी, आगलागी वा भूमिगत (पृथ्वीको सतहमुनी) आगलागी वा अरु कुनै प्राकृतिक प्रकोप,

(ख) बाढी, जलमग्न, आँधीवेहरी, हुरी बतास वा अरु कुनै बातावरणीइ उथल पुथल,

(ग) युद्ध, आक्रमण, विदेशी शत्रुको कारवाही वा कुनै युद्ध सरहको घोषित वा अघोषित कारबाही वा गृहयुद्ध,

(घ) सैन्य बिद्रोह, उपद्रोह, क्रान्ति वा शक्ति अपहरण वा जंगी कानून वा घेराबन्दी स्थितिको घोषणा,

(ङ) भूलचूक,

(च) नगदको लेखाङ्कन तथा लेखा स्रेस्ताको गल्ती,

(छ) बीमित वा बीमितको कर्मचारी वा कामदार वा आधिकारिक प्रतिनिधि बाहेक अन्यलाई सुम्पेको कारण,

(ज) मार्गस्थ नगदको साथमा रहेको कर्मचारी वा कामदार वा आधिकारिक प्रतिनिधि बाहेक बीमित स्वयम्, साझेदार वा सञ्चालकबाट भएको बेइमानी, धोका वा जालसाजी,

(झ) कार्यालय समय पछि सेफ, आलमारी वा स्ट्रङ रुपमा नगद नराखेको कारण,

(ञ) हुलाक वा कुरियरबाट नगद ओसार पसार गरेको कारण,

(ट) आणविक हात हतियार वा तत्सम्बन्धि पदार्थको कारणबाट प्रत्यक्ष वा अप्रत्यक्ष भएको क्षति/हानी-नोक्सानी, आणविक विकिरण वा आणविक इन्धन वा आणविक इन्धनको ज्वलनपछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियो सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भएको कुनै क्षति/हानी-नोक्सानी,

(ठ) मान्छे नभएको (Unattended) सवारी साधनमा नगद छोडी गएको कारण,

(ड) जवरजस्ती वा हिंसात्मक तरिकाले साँचो वा एक्सेस कोड लिएर सेफ, आलमारी वा स्ट्रङ रुपमा राखेको नगदको हानी-नोक्सानी बाहेक साँचो वा एक्सेस कोड प्रयोग गरेको कारण,

(ढ) नक्कली नगद प्रयोग गरेका कारण,

(ण) अनलाइन वा इन्टरनेटको माध्यमबाट रकम स्थानान्तरण गरेको कारण,

(त) अप्रत्यक्ष (कन्सिक्वेन्सियल) क्षति वा हानी-नोक्सानी,

(थ) करार भंग गरेको कारण,

४. **शर्तहरु** (Conditions):

(क) **एउटा इकाईलाई एउटा बीमालेख जारी गर्न सकिने** (Individual Policy to be assigned for indvidual unit, branch, subsidiaries): यदि कुनै बीमितको एक भन्दा बढी व्यवसायिक इकाईहरु रहेछन् भने वा एकै व्यवसायिकका विभिन्न शाखाहरु रहेछन् भने वा एकै व्यवसायको फरक फरक स्थानमा भिन्न भिन्न उपक्रमहरु रहेछन् भने यो बीमालेख एक व्यवसायिक इकाई, एक शाखा वा एक उपक्रमको लागि मात्र जारी गर्न सकिनेछ । यो बीमा अन्य इकाई, एक शाखा वा उपक्रमका लागि समेत आवश्यक भएमा प्रत्येक इकाई, एक शाखा वा उपक्रमले अलग अलग यो बीमालेख लिनु पर्नेछ ।

(ख) **जोखिम थप गने सक्ने** (Right Back of Risk): बीमकले यस बीमालेखले अपबाद गरेका जोखिम तथा अन्य आवश्यक जोमि थप गर्न चाहेमा बीमकले त्यसरी जोखिम थप (Right Back) गर्न सक्नेछ । तर, त्यसरी थप जोखिम रक्षावरण गर्दा अनुसूचीमा उल्लेख गरी बीमालेख जारी हुँदाकै बखत सम्पुष्टी जारी गर्नु पर्नेछ । साथै, थप गरिएका जोखिम बीमादर निर्धारण गरिएको बीमा (Tariff Business) अन्तर्गत पर्ने रहेछ भने प्रचलित बीमादरको आधारमा बीमाशुल्क निर्धारण गर्नु पर्नेछ ।

(ग) **बीमालेख जारी भएपछि जोखिम थप गर्न नपाइने** (Additional Risk Prohibited after Issuance of the Policy): बीमकले बीमालेख जारी भैसकेपछि कुनै जोखिम थप गर्न पाउने छैन । जोखिम थप गर्नु परेको खण्डमा बीमालेख जारी हुँदाकै बखत सम्पुष्टी जारी गरी जोखिम थप गर्नु पर्नेछ ।

(घ) **कार्यालय समयको बारेमा खुलाउनु पर्ने** (Disclosure of Office Time): प्रचलित कानून बमोजिमको कार्यालय समयको अतिरिक्त कार्यालय खुल्ने गरेको वा कार्यालयमा तोकिएका कर्मचारीहरु बसी काम गर्ने गरेको भए त्यस्तो समयलाई समेत कार्यालय समय मानिने छ । तसर्थ बीमितले कार्यालय समय तथा अतिरिक्त कार्य हुने समय अनुसूचीमा खुलाउनु पर्नेछ ।

(ङ) **नगदको अभिलेख** (Record of Cash):

बीमितले सेफ, आलमारी वा स्ट्रङ रुममा राखेको नगदको अभिलेख दैनिक रुपमा राख्नु पर्नेछ र उक्त अभिलेख माथि उल्लेखित सेफ, आलमारी वा स्ट्रङ रूप बाहेक अन्य सुरक्षित स्थानमा राख्नु पर्नेछ । उक्त अभिलेख बीमा दाबी परेको अवस्थामा बीमितले प्रमाणका रुपमा पेश गर्नु पर्नेछ ।

(च) **साँचो** (Keys):

१. बीमित वा बीमितको कामदार वा कर्मचारी बीमितको परिसरमा नभएको अवस्थामा सेफ, आलमारी वा स्ट्रङ रुमको साँचो कार्यालय समय बाहेकको समयमा परिसर भित्र छाड्न पाइने छैन । यदि सेफ, आलमारी वा स्ट्रङ रुमको वरिपरी नराखी कुनै सुरक्षित स्थानमा राख्नु पर्नेछ ।

२. सेफ, आलमारी वा स्ट्रङ रुम खोल्नका लागि आवश्यक पर्ने कोड सार्वजनिक पहुँच भन्दा टाढा सुरक्षित स्थानमा पर्नेछ ।

(छ) **बीमाशुल्क निर्धारण** (Premium Calculation):

यस बीमालेख अन्तर्गत लिइने बीमाशुल्क प्रत्येक बीमा अवधिको लागि यस बीमालेखको अनुसूचीमा उल्लेखित नगदको आधारमा निर्धारण गरिनेछ ।

(ज) **रकम स्थानान्तरण अभिलेख** (Maintenance of Books):

रकम स्थानान्तरण गर्दा सोको उचित अभिलेख राख्नुपर्नेछ र बीमकले जुनसुकै बेला उक्त अभिलेख निरीक्षण गर्न सक्नेछ ।

(झ) **बीमाशुल्क समायोजन** (Adjustment of Premium):

बीमा समाप्त भएको एक महिना भित्र बीमितले बीमा अवधि भित्र गरिएको मार्गस्थ नगदको बारेमा सम्पूर्ण अद्यावधिक यथार्थ विवरण बीमकलाई प्रदान गर्नु पर्नेछ । यदि अनुमानित रकम उल्लेख गरी बीमाशुल्क भुक्तानी गरेको रहेछ र यथार्थ रकम संग फरक पर्न गएको खण्डमा बीमा समाप्त भएको एक महिना भित्र समानुपातिक रुपमा बीमाशुल्क समायोजन गर्नु पर्नेछ । तर यसरी समायोजन गर्दा बीमकले ५० (पचास) प्रतिशत भन्दा बढी बीमाशुल्क फिर्ता गर्ने छैन ।

(ञ) **पुनः प्राप्ति गर्ने अधिकार** (Right to Recovery):

बीमितको कुनै सञ्चालक, साझेदार, कर्मचारी वा कामदारले बदनियत राखी कुनै कार्य गरेको वा नगरेको कारणबाट परेको दाबी भुक्तानी गर्नु पर्दा त्यस्तो कामदारलाई बीमितले तिर्नु बुझाउनु बाँकी कुनै पनि रकम भएमा दाबी भुक्तानी गर्नु पर्ने रकमबाट त्यस्तो रकम कट्टा गरिनेछ । दाबी भुक्तानी गर्दा उक्त कर्मचारी वा कामदारको हात वा कब्जामा रहेको तथा निजको अधिकार अन्तर्गत पर्न आउने चल, अचल धनमाल, सम्पत्ति वा सामानबाट असुल उपर गरी रकम भुक्तानी गर्न प्राथमिकता दिनेछ । साथै, बीमकले क्षति वा हानी-नोक्सानी भएको सम्पत्ति खोज्न वा असुल उपर गर्न वा पुनर्प्राप्ति गर्न बीमकले आफ्नो वा बीमितको नामबाट कुनै पनि कानूनी उपाय अपनाउन सक्नेछ र उक्त कार्यमा आवश्यक सम्पूर्ण सहयोग गर्नु बीमितको कर्तब्य हुनेछ । त्यसरी पुनर्प्राप्ति गरिएको वा भेटिएको नगदमा बीमकको पूरा हक अधिकार हुनेछ ।

(ट) **नगदको सुरक्षा** (Security of Cash):

बीमा गरिएको नगद, बीमा गरिएको नगद रहेको सेफ, आलमारी वा स्ट्रङ्ग रुम, बीमा गरिएको नगद रहेको स्थान वा कोठा तथा बीमा गरिएको नगद रहेको परिसरको पर्याप्त र उचित सुरक्षा व्यवस्था गर्नु पर्नेछ । यस बीमालेख अन्तर्गत दावी पर्ने वा पर्न सक्ने सम्भावना भएको कुनै घटना घटेमा बीमितले यथासम्भव छिटो प्रहरीलाई खबर गर्नुका साथै दोषी व्यक्ति तथा नगद खोज्न, पत्ता लगाउन तथा पुनप्राप्ति गर्न आवश्यक र उचित सम्पूर्ण उपायहरु अपानउनु पर्नेछ ।

(ठ) **सूचना** (Notice):

यस बीमालेख अन्तर्गत दाबी पर्ने वा पर्न सक्ने सम्भावना भएको कुनै घटना घटेमा बीमितले यथासम्भव छिटो बीमकलाई खबर गर्नु पर्नेछ र त्यसरी घटना घटेको १४ (चौध) दिन भित्र बीमितलाई लिखित जानकारी गराई सक्नु पर्नेछ ।

(ड) **बीमालेख रद्द गर्न सक्ने** (Cancellation of Policy):

बीमकले बीमालेख बहाल रहेको अवधि भरी कुनै पनि समय बीमितको अन्तिम ठेगानामा हुलाक मार्फत पत्र पठाई बीमालेख रद्द गर्न सक्नेछ । बाँकी बीमा अवधिको बीमाशुल्क बीमकले समानुपातिक हिसाबमा बीमितलाई फिर्ता दिनु पर्नेछ ।

(ढ) **झुठ्ठा विवरण** (Misdescription):

यस बीमालेख अन्तर्गत बीमा गरिएको कुनै नगद, नगद रहेको सेफ, आलमारी वा स्ट्रङ्ग रुम, बीमा गरिएको नगद रहेको स्थान वा कोठा तथा बीमा गरिएको नगद रहेको परिसरको बारेमा मूलभुत तथ्य वा विवरण लुकाई झुठ्ठा तथ्य वा विवरण दिएमा वा जालसाजी गरेमा बीमकले दाबी बापतको रकम भुक्तानी गर्ने छैन । साथै बीमितले भुक्तानी गरेको बीमाशुल्क समेत जफत हुनेछ ।

(ण) **योगदान** (Contribution):

यस बीमालेखले सुरक्षण प्रदान गर्ने कुनै क्षतिको सम्बन्धमा अन्य बीमाले समेत सुरक्षण प्रदान गरेको रहेछ भने बीमकले यस सम्बन्धी समानुपातिक रकम भन्दा बढी रकम भुक्तानी गर्ने छैन ।

(त) **प्रत्यासन** (Subrogration):

बीमितले यस बीमालेख अन्तर्गत क्षतिपूर्तिको भुक्तानी प्राप्त गर्दा सो क्षति वा हानि नोक्सानीको अन्य कुनै पक्षबाट क्षतिपूर्ति प्राप्त गर्न सक्ने रहेछ भने त्यस्तो क्षतिपूर्ति प्राप्त गर्ने अधिकार बीमकलाई सुम्पनु पर्नेछ । बीमकबाट क्षतिपूर्ति पाउनु अगावै वा पछि जुनसुकै बेला पनि बीमकले मनासिव र आवश्यक देखेको काम कारबाही बीमकको खर्चमा बीमितले गर्नु पर्नेछ वा सो गर्न बीमकलाई अनुमति दिनु पर्नेछ ।

(थ) **जालसाजी** (Fraud):

दाबी जालसाजीपूर्ण भएमा वा बीमितले कुनै जालसाजीपूर्ण तरिका वा उपया अवलम्बन गरेमा वा निजको तर्फबाट कसैले अनुचित फाइदा लिन खोजेमा वा सुनुयोजित तवरबाट कुनै विध्वंश, क्षति वा हानि नोक्सानी पुऱ्याएमा वा बीमितको सुविधाको लागि कुनै कार्य गरेमा यो बीमालेख अनुसारको सम्पूर्ण सुविधाहरु जफत गरिनेछ ।

(द) **मध्यस्थता** (Arbitration):

यो बीमालेख अन्तर्गत भुक्तानी गर्नुपर्ने परिमाण, बीमालेखको शर्त, सुविधा तथा अपबाद आदिमा कुनै किसिमको विवाद हुन आएमा बीमा ऐन, २०४९ तथा अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

(ध) **पालना गर्नुपर्ने** (Observance of Terms & Conditions):

यस बीमालेख अन्तर्गत पालना गर्नुपर्ने वा पूरा गर्नुपर्ने शर्त, बन्देज वा बीमालेखमा समावेश गरिएका सम्पुष्टिहरु बीमितको हकमा केही गर्नुपर्ने वा पालना गर्न बाध्यकारी हुने अवस्थामा तथा प्रस्ताव फाराममा उल्लेखित भनाइको सत्यता यस बीमालेखको दायित्वको आधार हुनेछ ।